

आजभन्दा ४० वर्ष अगाडि क्याम्पस प्रमुख हुनुभएकी पद्मासना शाक्य अवकाशपछि सफल उद्यमी बन्नु भएको छ । महिलालाई आर्थिकरुपमा सशक्त बनाउन लागिरहनु भएकी उहाँले उत्पादन गरेका सामग्री विश्वका ठूला धनी मुलुकहरूमा पुगिरहेको छ ।

# सफल उद्यमी : पद्मासना शाक्य



● अमिका राजथला

समाजले मूल्याङ्कन नगरेको महिलाको कामलाई आर्थिक रुपमै मूल्याङ्कन गराउने र आर्थिक रुपले महिलालाई शक्तिवान् बनाउने, असंगठित महिलालाई संगठित बनाउने, विभिन्न खाले हिंसाबाट पीडित महिलालाई हिंसामुक्त गर्ने एउटै उपाय भनेको महिलालाई आर्थिक रुपमा सशक्तिकरण गर्नु हो ।

महिलालाई शोषणयुक्त जीवनबाट सुरक्षित जीवनतर्फ डोऱ्याउने र परनिर्भरताबाट आत्मनिर्भर बनाउने उद्देश्य बोकेर जीवन पर्यन्त लाग्नु भएकी पद्मासना शाक्य शिक्षण पेशा हुँदै उद्यमी बन्नु भएको हो । हस्तकलाका क्षेत्रमा महत्वपूर्ण स्थान बनाउन सफल मानुषी समूह (मानुषी प्रा.लि., मानुषी लघुवित्त वित्तीय संस्था) का प्रमुख हुनुहुन्छ । उहाँ अन्य थुप्रै राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थामा पनि आबद्ध हुनुहुन्छ ।

अधिकांश मानिसहरू सेवा निवृत्त भएपछि बुढ्यौली जीवन घरभित्रै आरामले काट्ने सोच्छन् तर उहाँको 'भिमरथारोहण' सकिए पनि उहाँको दिन कार्यालयमै बित्छ । भिमरथारोहण भनेको ७७ वर्ष ७ महिना ७ दिन ७ घडी, ७ पलाको उमेरमा नेवार समुदायमा गरिने सांस्कृतिक उत्सव हो । उहाँ भन्नुहुन्छ, "आफ्नो काम कराएर सुनाउने होइन, काम आफैं कराएर बोल्यो भने बल्ल हामी सफल हुन्छौं ।"

काठमाडौंको ओम बहालमा वि.स.२००५ सालमा जन्मिनु भएकी उहाँका १० जना दाजुभाइ दिदीबहिनी थिए । उहाँका बुबा रत्नमान शाक्य तत्कालीन अवस्थामा पनि शिक्षित र छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणा भएकाले गर्दा सबै छोराछोरीले पढ्न पाउनुभयो । पढ्नका लागि संघर्ष कसैले गर्नुपरेन । उहाँका बुवा तत्कालीन राणा कालमा बबरशम्शेरको दरबार (बबरमहल)मा काम गर्ने र शिक्षा पनि त्यति महंगो नभएकाले गर्दा पनि उहाँसहित अधिकांश दिदीबहिनीले पढ्ने अवसर पाएको उहाँ सम्झिनुहुन्छ । यद्यपि छोरीहरूलाई पढाए भनेर समाजबाट उहाँको आमा मोतीमाया शाक्यले भने मनग्य कटाक्ष व्यहोर्नु पऱ्यो । यी कटाक्ष, समाजमा महिलाप्रति हुने विभेद, हिंसाका कुरालाई पछि मात्र बुझ्ने मौका पाउनु भएकी उहाँले कन्या मन्दिर, न्ह्योखामा विद्यालय शिक्षा लिनुभयो । विद्यालयमा पढ्दाका क्रममा उहाँका शिक्षक राजनीति र महिला आन्दोलनका अगुवाहरु सहाना प्रधान र साधना प्रधान पनि हुनुहुन्थ्यो । उहाँहरु पढाउँदा किताबी ज्ञान मात्रै भन्दा पनि छोरी/महिलालाई अघि बढ्नुपर्छ भन्ने प्रेरणा बढी दिनुहुन्थ्यो, आत्मविश्वास दिलाउनु हुन्थ्यो । त्यही शिक्षाले अहिलेसम्म पनि जेसुकै गर्न आत्मविश्वास आउने गरेको उहाँको विश्वास छ ।

विद्यालय जाँदा पनि छोरी मान्छेले जहाँ जे गरे पनि घरको काम गर्न छोड्नुहुन्न भन्ने मानसिकताका कारण घरको काम सिध्याएपछि मात्र पढ्न पाउनुहुन्थ्यो । यसैगरी उहाँले विद्यालय शिक्षा तथा उच्चशिक्षा सिध्याउनुभयो । प्रमाण पत्र तह र स्नातक तह पद्मकन्या कलेजमा पढ्नुभयो भने स्नातकोत्तर तत्कालीन अवस्थामा त्रिपुरेश्वरमा रहेको त्रिभुवन विश्वविद्यालयमा पढ्नुभयो ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा स्थापना गर्न स्थानीय सानुभाई महर्जनलगायत अन्यले सहयोग गरेपछिको शिलान्यास कार्यक्रममा जाँदा कतिपय स्थानीयले आफ्नो जग्गा जमिन दिनुपर्दा रोईकराई गरेको पनि उहाँले बिर्सिनु भएको छैन । विद्यालयदेखि उच्च शिक्षा हासिल गरियो तर पढेर के हुन्छ, के गर्ने, कसरी गर्ने भन्ने उहाँले केही जीवनको खाका कोर्न सक्नु भएको थिएन । उहाँ भन्नुहुन्छ, 'अर्थशास्त्र लिएर स्नातकोत्तर गरियो तर पढेर के गर्ने भन्ने नै थाहा थिएन ।'

यही क्रममा सकुन्तला प्रधान (परोपकार आदर्श माविकी सह प्रधानाध्यापक) सँग उहाँको भेट भयो । प्रधानले उहाँलाई भक्तपुर क्याम्पसमा अर्थशास्त्र पढाउन जानका लागि प्रस्ताव गर्नुभयो । यो प्रस्ताव उहाँले अपेक्षा गरेभन्दा बाहिरको थियो । भर्खर पढाइ सकिएको एकै पटक क्याम्पस पढाउने प्रस्ताव आउँदा उहाँ एकचोटी त अचम्ममा पनि पर्नुभयो । तैपनि उहाँले सहमति जनाउनुभयो र पढाउन थाल्नुभयो । पढाएको एक महिनापछि वि.स.२०२६ सालमा नियुक्तिपत्र दिइयो । हक्की खालको स्वभाव, बोल्न सक्ने, निडर र आत्मविश्वासकै कारण उहाँको बढुवा पनि चाँडै भयो । उपप्राध्यापक, सहप्राध्यापक हुँदै वि.स.२०३० देखि २०३६ सालसम्म भक्तपुर क्याम्पसको प्रमुख हुनुभयो ।

त्यसपछि फेरि उहाँलाई काठमाडौंको रत्न राज्यलक्ष्मी क्याम्पसको क्याम्पस प्रमुख हुने प्रस्ताव आयो । वि.स.२०४८-२०६१ सम्म रत्न राज्यलक्ष्मी क्याम्पसको प्रमुख हुनुभयो । दुई क्याम्पसको क्याम्पस प्रमुख हुने पहिलो महिला पनि हो उहाँ । भक्तपुर क्याम्पसमा कहिल्यै कुनै गुनासो खेप्नु नपरेको अनुभव बोकेकी पद्मासनालाई रत्नराज्य क्याम्पसमा प्रमुख हुन सहज छैन कि भन्ने लाग्थ्यो । किनकी त्यतिबेला रत्नराज्य लक्ष्मी क्याम्पसका विद्यार्थी अलि 'उटपट्याङ' व्यवहार भएका र शिक्षक, प्राध्यापकलाई हैरान बनाउने विद्यार्थी हुन्छन् भन्ने रुपमा कहलिएको थियो । 'त्यो जत्तिको खत्तम कलेज अर्को छैन' भन्ने किसिमको बुझाइ धेरैको भएको उहाँलाई लाग्यो । पद्मासना रत्नराज्य लक्ष्मी जानु अगाडि

विद्यार्थीहरूले एक शिक्षकलाई ठेलागाडामा राखेर घुमाउनुका साथै शौचालयमा थुनेको कुरा पनि उहाँलाई थाहा थियो ।

यद्यपि उहाँको पाइला पछि हटेन । उहाँ कलेज जानु भएको पहिलो दिनको स्मरण गर्दै भन्नुहुन्छ, "म क्याम्पसको गेटबाट छिर्ने बित्तिकै बाटोको दुवैतिर लाइन लागेर बसेका विद्यार्थीले ताली पिट्दै 'लेफ्ट राइट' भन्दै जिस्काउन थाले । रत्नको शालिकको मुन्तिर केही केटाहरु सर्ट फुकालेर सुतेर बसेका थिए । शिक्षक (प्राध्यापक) को कोठामा जाँदा विद्यार्थीहरू पो शिक्षकको कुर्सीमा बसेका थिए ।" गएकै दिन एक शिक्षक नै आफ्नो मोटरसाइकल विद्यार्थीले लिएर गएको (त्यति बेला पैसाको ढयाकले पनि मोटरसाइकल स्टार्ट गर्न सकिन्थ्यो ।) गुनासो लिएर आए । पछिल्ला दिनमा त विद्यार्थी विद्यार्थीको झगडा, शिक्षक विद्यार्थीको झगडा, जाँडरक्सीको घैंटो (भाँडा) नै बोकेर कलेज आउने जस्ता वातावरण देख्नुभयो । तर पद्मासनाले हरेस खानु भएन बरु गल्ती गर्ने र खराबहरूलाई कारबाही गर्न र विद्यार्थीलाई अनुशासन सिकाउन थाल्नुभयो ।

यो क्रममा उहाँ आफैंलाई पनि क्याम्पसमा थुने विद्यार्थीहरूले । थुनिएरै रात गुजार्नु परेको घटना अहिले पनि बिर्सिन सक्नुभएको छैन । अझ क्याम्पसमा टेलिफोनको लाइन पनि काटिएछ । शिक्षकहरूको साथ, सहयोग पाएकोले हरेस खानुभएन । भक्तपुर क्याम्पसबाट उहाँले कारवाही गरेर रत्नराज्यमा आएका केही विद्यार्थीमार्फत उहाँ कडा हुनुहुन्छ भन्ने गाईंगुईं क्याम्पसमा चलिसकेको रहेछ । विस्तारै विद्यार्थीहरूको बानी फेरिंदै गएको अनुभव उहाँलाई हुन थाल्यो । इच्छा शक्ति बलियो लिएर क्याम्पसमा शिक्षक विद्यार्थीको कुरा सुन्दै समस्या समाधान गर्दै जानुभयो ।

पद्मासनाको बिहेको उमेर त करियर शुरु गर्दा ताका नै भइसकेको थियो । राम्रो घर, केटाबाट प्रस्ताव नआएका पनि होइनन् तर उहाँको मन बिहे तिर गएन । धेरै महिलाहरूले घरपरिवारमा दुःख पाएका कारण बिहे गरेर घरजम बसाउनेतिर ध्यान नगएको उहाँ बताउनुहुन्छ । क्याम्पस र विद्यार्थीमै समय बित्दै गयो । तर उहाँलाई भने महिलालाई आर्थिक रुपमा सशक्त बनाउने र अधिकारका कुरा सिकाउने गरी महिला सवालमा केन्द्रित भएर काम गर्ने इच्छा भयो ।

महिलालाई आर्थिकरुपमा सशक्त बनाउने उद्देश्यले सेन्टर फर वुमन डेभलपमेन्ट (सिडब्लुडी) खोल्ने प्रक्रियामा जानुभयो । तत्कालीन अवस्थामा महिला संस्था

खोल्न महिला संघको स्वीकृति लिनु पर्दथ्यो । महिला संघको नेतृत्वमा कमल राणा हुनुहुन्थ्यो । उहाँकहाँ स्वीकृतिका लागि जाँदा नयाँ संस्था किन चाहियो, महिला संघमै आउन भनियो । संघमा बसेर राजतन्त्रको गुनगान गाउनु पर्ने कुरा पनि बताइएपछि उहाँ फर्कनुभयो । संस्थाले अध्ययन, अनुसन्धानको काम गर्ने भएकोले तत्कालीन उपकुलपति रामचन्द्र बहादुर सिंहकहाँ जानुभयो तर अनुसन्धान गर्न कलेजकै यूनिटबाट गरे हुन्छ, अर्को संस्था किन चाहियो भनेर स्वीकृती दिइएन । शिक्षा संकायमा रजिष्ट्रार, रेक्टर, डीन महिला छैनन्, महिला दृष्टिकोणबाट काम गर्नुपर्‍यो भन्दा पनि दर्ताको लागि स्वीकृति नपाएपछि कम्पनीका रुपमा दर्ता गर्नुभयो । कम्पनी त दर्ता भयो र बिस्तारै सानोतिनो परियोजना आउन थाल्यो । एसियाली विकास बैंकजस्ता ठूला परियोजनामा पनि नाम गाँसिन थाल्यो । सिडब्लुडीले विभिन्न कार्यक्रमलगायत पत्रकारितासम्बन्धी पनि तालिम दिन्थ्यो ।

यसअघि नै उहाँ रत्नराज्यमा हुँदा नेपाल प्रेस इन्ष्टिच्युटको पत्रकारिता तालिम रत्नराज्य क्याम्पसमा संचालन भएको थियो । त्यहाँ दुई वर्ष चलेपछि तालिम बाहिर पनि चल्न थाल्यो, जुन संस्थाका उत्पादन नेपालभर पुगेका छन् । पत्रकारिताको प्राज्ञिक अध्ययन विभिन्न कलेजले गर्नु अघि नेपाल प्रेस इन्ष्टिच्युटले नै यस क्षेत्रलाई डोऱ्याउन सहयोग गरेको थियो, १० पत्रकारितासम्बन्धी तालिम दिएर । आजका अधिकांश सम्पादक पुस्ता नेपाल प्रेस इन्ष्टिच्युटका उत्पादन हुन् भन्न सकिन्छ । उहाँ एनपीआइको कार्यसमितिमा १० वर्ष बस्नुभयो भने अहिले सल्लाहकार हुनुहुन्छ ।

प्राज्ञिक क्षेत्रमा रमाउँदै गरेको मन अब महिलाको क्षमता तथा आर्थिक स्तर बढाउनका लागि अगाडि बढ्यो । २०४८ सालमा मानुषी स्थापना गर्नुभयो, मानुषी प्रा.लि. तथा मानुषी आर्ट एण्ड क्राफ्टको स्थापना गरेर करिब एकहजार पाँचसय महिलालाई आर्थिकरुपमा संलग्न गराइएको छ। यस्तै पाँच वटा जिल्लामा दुई हजार आठसय महिला सहकारीमा संलग्न छन् । महिला सहकारीको यो फैलावटलाई देशव्यापी लैजाने उहाँको लक्ष्य छ ।

मानुषीको उत्पादन ९८ प्रतिशत विदेश जान्छ भने २ प्रतिशत मात्र नेपालमा बिक्री हुन्छ । तर यो सफलता सजिलै भने प्राप्त भएको होइन । शुरुका उत्पादन राम्रो देखिए पनि मार्केट ट्रेन्डको नहुँदा, गुणस्तरीय नहुँदा बिक्री हुँदैनथ्यो । आफ्नो उत्पादनको प्रवर्द्धनका लागि के सम्म गर्नुभएन ? धेरै पटक

कम्पनी नै बन्द गर्ने कि भन्ने अवस्थासम्म पनि पुग्नुभयो तर क्याम्पसमा पनि पढाउँदै गरेको हुँदा अपुग पैसा उतैबाट मिलाउनु हुन्थ्यो । प्रयास गर्दै जाँदा फेयर ट्रेड ग्रुप नेपालमा आवद्धता मिल्यो । आबद्धता त मिल्यो तर आबद्धता बापतको छ हजार रुपयाँ शुल्क पनि तिर्न मुस्किल परेको थियो । यद्यपि, यसले गर्दा राम्रो बजारमा पुग्न अझै सहज भयो । विभिन्न राजदुतावास, होटलहरूमा प्रदर्शन हुँदा अरु साथीहरूले ४०/५० हजारको बिक्री भयो भन्थे तर उहाँको ५/६ हजारको मात्र बिक्री हुँदा मन खुम्च्याएर फर्कनुबाहेक विकल्प हुन्नथ्यो ।

अष्ट्रेलियन राजदुतावासमा भएको एउटा प्रदर्शनीमा एक जापानी नागरिक (हारियो)ले मानुषीको झोला मन पराए । उनले दुईसय वटा झोलाको काम दिए । यसले पद्मासनालाई पुलकित बनायो । ती जापानी सानोतिनो उत्पादकलाई प्रवर्द्धन गर्ने स्वभावका रहेछन् । आफ्नो उत्पादनमा फेयर ट्रेडको छाप लागेपछि विभिन्न देशमा मार्केटिङ हुन थाल्यो । यो मार्केटिङले गर्दा इटालीबाट ८० वटा स्कार्फको अर्डर आओस् या अल्लो र सिस्नोको उत्पादनको एक हजार यूरोको अर्डर आओस, निकै खुशी लाग्थ्यो । गर्दै जाँदा उहाँको व्यापारमा 'बाढी' नै आयो । जर्मनको पूरै बजारलाई कब्जा गर्ने गरी व्यापार गर्न पाएको त्यो समयलाई पद्मावती बाढी कै संज्ञा दिनुहुन्छ । जर्मनी तथा नेदरल्याण्डको बजार कब्जा गर्ने गरी गरिएको व्यापार भनेको टाँकको व्यापार थियो । हड्डीबाट बनेको विशेष खालको टाँकलाई परम्परागतबाट आधुनिकमा परिमार्जन गरिएको त्यो उत्पादन मन पराएको कारण व्यापारमा बाढी आउँदा मानुषीले 'यू टर्न' लियो । टाँक बनाउने कामदारले एक वर्षमा घर बनाए, मोटरसाइकल किने । यो काम लगातार ५ वर्षसम्म चल्यो । उहाँ भन्नुहुन्छ, 'त्यो बाढीको फाइदा उठाएर मानुषीको आफ्नै ठूलो भवन बनायौं । मानुषी मेरो मुटु भइसक्यो । काम नगरी घरमा बस्न गाह्रे लाग्छ । महिलालाई उद्यमशील बनाउँदा घर परिवार मात्र होइन, देश नै समृद्ध हुन्छ ।'

उहाँको अब एउटा योजना बाँकी छ, वृद्धाश्रम बनाउने । आफ्नो योजना र काममा उहाँ निरन्तर लाग्दै आउनु भएको छ । बिदाको दिन होस, साँझ, बिहान जुनसुकै बेला काममै हुनुहुन्छ उहाँ । आफ्ना यी कामका अनुभव उत्साहित भएर सुनाइरहँदा लाग्दैनथ्यो कि एक महिना अगाडि मात्र उहाँको भिमरथारोहण गरिएको हो । ●